नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : म.बै./३२१/८८६२ मितिः २०७८/११/१६

श्री सचिवालय
प्रशासन मार्फत सर्व सम्बद्ध निकायमा परिपत्र गर्न लगाऊँ।
११/१६

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

कोभिड-१९ सम्बन्धी विषय म.प.बै.सं. ६७/०७८ मिति २०७८/११/१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

श्री प्रशिक्षण
Website मा राखौं।
११/१६

<u>नेपाल सरकारको निर्णय</u>–

"नेपाल सरकारले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ रोग रोकथाम, नियन्त्रण, निदान र उपचारका गर्न देहायको आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्नेः-

१. सर्वसाधारणको दैनिक क्रियाकलाप, पेसा तथा व्यवसायको सञ्चालन र आवतजावतका सम्बन्धमा देहायबमोजिम गर्ने गराउनेः-

(क) सर्वसाधारण सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गर्ने।

(ख) धार्मिक, सांस्कृतिक र सामाजिक क्रियाकलापहरू सञ्चालन गर्दा भिडभाड नगर्ने, सकभर घरमै गर्ने र स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गरेर मात्र सञ्चालन गर्ने।

(ग) सार्वजनिक यातायात सञ्चालकले सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, चालक दल र सबै यात्रुले अनिवार्य रूपमा मास्क लगाउने, सवारी साधनमा यात्रुलाई उपलब्ध हुनसक्ने गरी स्यानिटाइजरको व्यवस्था गर्ने।

(घ) बैठक, गोष्ठी, सेमिनारहरू सामान्यतया भर्चुअल माध्यमबाट गर्ने। भौतिक उपस्थितिमा गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड अनिवार्य रूपमा पालना हुने गरी गर्ने। जनस्वास्थ्यका मापदण्ड पालना गराउने दायित्व सम्बन्धित आयोजकको हुने।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :



(ङ) होटेल वा पार्टी प्यालेसले कुनै बैठक, सेमिनार, गोष्ठी वा भोजलगायतका कार्यक्रम गर्दा आगन्तुक वा सहभागीलाई सामाजिक दुरी कायम गर्ने र स्वास्थ्यका मापदण्ड पालना गराउने। हात धुने वा स्यानिटाइजरको व्यवस्था गर्ने दायित्व सम्बन्धित होटेल वा पार्टी प्यालेस सञ्चालकको हुने।

(च) सार्वजनिक सेवा प्रवाह गर्ने निकाय वा संस्थाले सेवा प्रवाह गर्दा सामाजिक दुरी कायम हुने र स्वास्थ्यका मापदण्डको पालना हुने गरी सेवा प्रवाह गर्ने।

(छ) उपर्युक्त मापदण्डहरूको पालना भए नभएको सम्बन्धमा स्थानीय प्रशासन र स्थानीय तहले नियमित अनुगमन गर्ने गराउने।

२. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमन सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देहायबमोजिम गर्ने:-

(क) कोभिड-१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि राष्ट्रिय मापदण्ड तथा जनशक्ति परिचालनसहितको प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्ने।

(ख) अस्पतालमा कोभिड तथा ननकोभिड सेवा दिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने।

(ग) दुई सयभन्दा बढी शय्या भएका सरकारी, सामुदायिक, निजी, गैरसरकारी (निजी मेडिकल कलेज, प्रतिष्ठान, अस्पतालसमेत) अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सेवा सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानी गर्ने।

(घ) सङ्क्रमणको जोखिमको अवस्था हेरी सार्वजनिक, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, जनशक्ति, औजार, उपकरण, भवन तथा स्थान स्वास्थ्य सेवा र कार्यका लागि प्रयोग गर्न सक्ने।

(ङ) संस्थागत आइसोलेसनमा रु. २,०००।- (अक्षरेपि दुई हजार रुपैयाँ मात्र); अस्पतालको आइसोलेसनमा रु. ३,५००।- (अक्षरेपि तीन हजार पाँच सय रुपैयाँ मात्र); मध्यम जटिल केसको उपचारको लागि रु. ७,०००।- (अक्षरेपि सात हजार रुपैयाँ मात्र) र गम्भीर बिरामीको आइ.सी.यु.मा भेन्टिलेटरसहितको उपचारको लागि रु. १५,०००।- (अक्षरेपि पन्ध्र हजार रुपैयाँ मात्र) प्रति व्यक्ति प्रति दिन निर्धारित ढाँचामा जिल्ला कोभिड व्यवस्थापन समितिद्वारा प्रमाणित प्रतिवेदनअनुसार प्रत्येक महिनाको पहिलो हप्तामा उपचार खर्चको शोधभर्ना भुक्तानी गर्ने।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

(च) नेपाल प्रवेश बिन्दुमा गरिने स्वास्थ्य कक्ष (Health Desk) सञ्चालन र स्क्रिनिङ, सङ्क्रमितका लागि यातायात व्यवस्था र संस्थागत आइसोलेसन व्यवस्थापनमा लागेको खर्च जिल्ला कोभिड व्यवस्थापन समितिद्वारा प्रमाणित प्रतिवेदनअनुसार प्रत्येक महिना सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयलाई शोधभर्ना भुक्तानी गर्ने।

(छ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेका प्रयोगशाला र अस्पतालले सो मन्त्रालयले जारी गरेको कोभिड-१९ सम्बन्धी परीक्षण निर्देशिका र उपचार प्रोटोकलबमोजिम कोभिड-१९ को परीक्षण तथा उपचार निःशुल्क रूपमा गर्ने।

(ज) सम्बन्धित आधिकारिक निकायबाट स्वीकृत वा अनुमति प्रदान गरिएका खोप प्राप्त गर्न योग्य सबै उमेर समूहलाई खोपको व्यवस्था गर्ने।

(झ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएका मापदण्ड, योजना तथा आदेश सङ्घीय निकाय, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक तथा निजी सङ्घ संस्थाले पालना गर्नुपर्ने।

(ञ) सम्बन्धित प्रदेश सरकारको समन्वयमा होल्डिङ सेन्टरको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ट) कोभिड-१९ विरुद्धको खोप सम्बन्धमा देहायको व्यवस्था गर्नेः-

(१) १२ वर्षदेखि माथिका उमेर समूहका सबै व्यक्तिलाई खोप केन्द्र वा मोबाइल खोप केन्द्रमार्फत संवत् २०७८ साल चैत मसान्तसम्म पूर्ण मात्रामा खोप लगाउने।

(२) ५ वर्षदेखि ११ वर्ष उमेर समूहका बालबालिकालाई खोप उपलब्ध गराउन स्थानीय तहमार्फत Line Listing तयार गर्ने, खोपको आपूर्ति गरी संवत् २०७८ साल चैत मसान्तभित्र पहिलो मात्राको खोप लगाउने व्यवस्था मिलाउने।

३. हवाई मार्ग वा स्थल मार्ग भई विदेशबाट नेपाल प्रवेश गर्ने र नेपालबाट विदेश जाने यात्रुहरूका सम्बन्धमा देहायअनुसार गर्नेः-

(क) हवाई मार्ग वा स्थल मार्ग भई विदेशबाट नेपाल प्रवेश गर्ने यात्रीले कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाएको प्रमाणपत्र पेस गर्नुपर्नेछ। त्यस्तो प्रमाणपत्र पेस गर्न नसक्ने यात्रुले यात्रा सुरु गर्नु ७२ घण्टा अघिको कोभिड-१९ परीक्षण (RTPCR, True NAAT, Gene Xpert) को नेगेटिभ रिपोर्ट भएको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

(ख) हवाई मार्ग वा स्थल मार्ग भई विदेशबाट नेपाल प्रवेश गर्ने यात्रुहरूको सम्बन्धमा कोभिड-१९ को जोखिमको सामयिक विश्लेषण गरी आवश्यकताअनुसार कोभिड-१९ परीक्षण अनिवार्य गर्ने, थप कडाई गर्ने वा नगर्ने विषयमा निर्णय गरी कार्यान्वयनसमेत गर्ने अख्तियारी कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रलाई प्रदान गर्ने।

(ग) नेपालबाट हवाईमार्ग भई अन्य मुलुक जाने यात्रुहरूको लागि गन्तब्य मुलुकको कोभिड-१९ सम्बन्धी स्वास्थ्य प्रोटोकल सम्बन्धमा सम्बन्धित एअरलाइन्सले आफ्ना यात्रुहरूलाई जानकारी गराउने। सोको अनुगमन संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयले गर्ने।

(घ) युक्रेन द्वन्द्वका कारण स्वदेश फर्किने नेपाली नागरिकहरूको आगमन सहजताका लागि RTPCR नगराएका, CCMCC फारम भर्न असमर्थ रहेका र प्राथमिक पूर्ण खोप (Full Vaccination) को प्रमाणपत्र नभएका यात्रुहरूका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अलग्गै स्वास्थ्य कक्ष (Health Desk) को स्थापना गर्ने। त्यस्ता यात्रुहरूको Antigen Test गरेर नेगेटिभ रिपोर्ट आउने यात्रुको हकमा स्वयं घोषणा (Self Declaration) गर्न लगाई होम क्वारेन्टिनमा पठाउने र पोजिटिभ रिपोर्ट आएका यात्रुहरूलाई संस्थागत आइसोलेसनमा पठाउने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने। यस प्रक्रियामा गृह मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयले आवश्यक सहयोग पुर्‍याउने।

४. जिल्लागत रूपमा कोभिड-१९ को सङ्क्रमण जोखिमको आधारमा सार्वजनिक आवागमन, विभिन्न पेसा व्यवसायको सञ्चालन तथा अन्य सार्वजनिक गतिविधि सञ्चालन सम्बन्धमा निषेधको आदेश जारी गर्नेलगायत आवश्यक व्यवस्था गर्न सक्ने गरी सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम सबै प्रमुख जिल्ला अधिकारीहरूलाई मुकरर गरी अधिकार सुम्पने।

५. कोभिड-१९ को सम्भावित जोखिमलाई पर्याप्त ध्यान दिई सम्बन्धित निकायहरूले पूर्वतयारी तथा सतर्कताका उपायहरूलाई निरन्तरता दिने।

६. **खारेजी र बचाउः** (१) कोभिड-१९ सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/९/३० निर्णयबमोजिम जारी भएका देहायका आदेशहरू खारेज गरिएको छ।

(क) २०७८ साल पुस ३० गतेको नेपाल राजपत्र भाग ५, खण्ड ७१, पूर्वअतिरिक्ताङ्क ५६ मा प्रकाशित गृह मन्त्रालयको नेपाल आगमन हुने र

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :



नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८; र

(ख) २०७८ साल पुस ३० गतेको नेपाल राजपत्र भाग ५, खण्ड ७१, अतिरिक्ताङ्क ५६ मा प्रकाशित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नयाँ भेरियण्ट ओमिक्रोनसहितको कोभिड-१९ महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८।

(२) उपदफा (१) बमोजिमको आदेशबमोजिम भए गरेका काम कारबाही यसै आदेशबमोजिम भए गरेको मानिनेछ ।"

(शंकरदास बैरागी)
मुख्यसचिव

बोधार्थ तथा कार्यार्थ:

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np